# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३४२ | काठमाडौं | बुधबार, २८ चैत २०८० | Prabhab National Daily | Wednesday, April 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

प्रदेशको सत्ता राजनीति

## कर्णालीमा यामलाल मुख्यमन्त्री, खगराजविरुद्ध सर्वोच्चमा रिट



खगराज अधिकारी
गण्डकी



यामलाल कँडेल
कर्णाली

■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय सत्ता गठबन्धन परिवर्तनसँगै प्रदेशमा पनि सत्ता हेरफेर जारी छ । मंगलबार कर्णालीमा एमालेका यामलाल कँडेल मुख्यमन्त्रीमा नियुक्त भएका छन् । एमाले कर्णाली प्रदेशसभा संसदीय दलका नेता यामलाल चौथो प्रयासमा मुख्यमन्त्री बनेका हुन् ।

संविधानको धारा १६८ को उपधारा (२) बमोजिम कर्णाली प्रदेशको मुख्यमन्त्रीका लागि सत्ता गठबन्धन दल नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका नेताहरूको समर्थनसहितको हस्ताक्षरपत्र कर्णाली प्रदेश प्रमुख तिलक परियारसमक्ष पेस गरेसँगै प्रदेश प्रमुख परियारले नेता कँडेललाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

४० सदस्यीय प्रदेशसभामा प्रदेश सरकार गठनका लागि २१ प्रदेशसभा सदस्य आवश्यक पर्छ । माओवादी केन्द्रका उपसभामुखसहित १३, एमालेका सभामुखसहित १० र एकीकृत समाजवादीका एक प्रदेशसभा सदस्यको नेता कँडेललाई समर्थन रहेको छ । केन्द्रमा फेरिएको राजनीतिक समीकरणपछि माओवादी केन्द्रबाट मुख्यमन्त्री बनेका राजकुमार शर्माले चैत २१ गते राजीनामा दिएका थिए । यसअघि कँडेललाई तीनपटक मुख्यमन्त्री बन्ने अवसर पाउँदा पनि माओवादीका कारण रोकिएको थियो ।

### खगराजविरुद्ध सर्वोच्चमा रिट

गण्डकीमा भने एमालेबाट शुक्रबारमात्र मुख्यमन्त्री बनेका खगराज अधिकारीविरुद्ध सर्वोच्च अदालतमा रिट परेको छ । अधिकारीको नियुक्ति असंवैधानिक भएको उल्लेख गर्दै बदर गर्न गण्डकी प्रदेशमा नेपाली कांग्रेसका संसदीय दलका नेता सुरेन्द्र पाण्डेले रिट दायर गरेका हुन् । निवर्तमान मुख्यमन्त्री पाण्डेले अधिकारीले सभामुखलाई समेत जोडेर बहुमत पुऱ्याउनु असंवैधानिक भएको भन्दै रिट निवेदन दायर गरेका हुन् ।

६० सदस्यीय गण्डकी प्रदेशसभामा एमालेका २२, माओवादीका आठ (सभामुखसहित), एकीकृत समाजवादीका दीपक मनाङेको समर्थनमा अधिकारी मुख्यमन्त्री बनेका हुन् । प्रदेश प्रमुख डिल्लीराज भट्टले संविधानविपरीत मुख्यमन्त्री नियुक्त गरेकाले उक्त कदम बदर गरी आफूलाई मुख्यमन्त्रीमा निरन्तरता दिनसमेत पाण्डेले माग गरेका छन् । यो विवादको सुनुवाइ आज (बुधबार) हुने छ ।

(क्रमशः पृष्ठ २ मा)

# हठले संसद् बन्धक

■ जेबी योञ्जन



मंगलबार प्रतिनिधिसभा बैठकमा विरोध जनाउँदै नेपाली कांग्रेसका सांसदहरू । *तस्विरः रासस*

**काठमाडौं–** संघीय संसद्को जारी हिउँदे अधिवेशनमा बढीभन्दा बढी विधेयक पारित गर्नुपर्ने दबाब छ । अघिल्लो बर्खे अधिवेशनमा जम्मा एउटामात्रै कानुन बनेको थियो । त्यसबेला 'भत्तामात्रै पचाएको' भन्दै सांसदहरूको आलोचना भएको थियो । यसपटक पनि त्यस्तै हुने देखिएको छ ।

किनकि संघीयता कार्यान्वयन गर्नेदेखि शान्ति प्रक्रियाका बाँकी कार्यभार टुंग्याउनेसम्बन्धीका विधेयकहरू संसद्मा अलपत्र छन् । संक्रमणकालीन न्याय, संघीय निजामती, संघीय प्रहरी, विद्यालय शिक्षालगायत संघीयता कार्यान्वयनसम्बन्धी विधेयक सरकारको उच्च प्राथमिकतामा छन् । तर, संसद् निर्बाधरूपमा चलेको छैन ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले अवरोध पुऱ्याइरहेको छ । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेविरुद्ध छानबिन गर्न संसदीय समिति गठनको एक सूत्रीय माग कांग्रेसको छ । पदबाट राजीनामा दिनुपर्ने पनि माग छ । सरकार पक्षले भने समिति गठनको कांग्रेस माग अस्वीकार गरेको छ । उल्टै कांग्रेसमा सत्ता गुम्दाको छटपटी देखिएको आरोप लगाउने गरेका छन् ।

गत २४ फागुनदेखि कांग्रेसले छानबिन समितिको माग गर्दै आएको हो । अहिलेसम्म समिति गठनको सुरसार छैन । यसले कांग्रेस थप रुष्ट बनेको छ । संसद् समिति गठन नहुञ्जेल चल्नै नदिने रणनीतिमा कांग्रेस पुगेको छ ।

मंगलबार प्रतिनिधिसभा बैठकमा बोल्दै कांग्रेस सचेतक सुशीला थिङले सूर्यदर्शन सहकारीलगायत छ वटा सहकारीबाट करिब एक अर्ब रूपैयाँ गोर्खा मिडिया नेटवर्कको नाममा लगेको र सो रकम लान पाउँछ कि पाउँदैन ? सो काम गर्नेलाई दण्ड दिनुपर्छ कि पर्दैन ? भन्दै प्रश्न गरिन् ।

- टिआरसी, सम्पत्ति शुद्धीकरण निवारण, संवैधानिक परिषद्, विद्यालय शिक्षा, विद्युत्, भन्सार, संघीय निजामती, आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्वलगायत विधेयक पारित गर्नुपर्ने अवस्था
- गृहमन्त्रीबारे छानबिन गर्न समिति गठन गर्नुपर्ने कांग्रेस अडानले संसद् अवरुद्ध
- सत्तापक्ष समिति गठन नगर्ने अडानमै

उनले गोरखा मिडिया प्रालिको सञ्चालक समितिमा रहेका रवि लामिछानेलाई दण्ड हुन्छ कि हुँदैन भन्दै प्रश्न गरेकी थिइन् । 'रवि लामिछाने भएको ठाउँमा अरू जो कोही भएको भए पनि अनुसन्धान हुन्थ्यो होला, कानुन लाग्थ्यो होला । रवि लामिछाने भएको कारणले अनुसन्धान रोकिने ? यो कस्तो सरकार हो ? सरकार जबाफदेही हुनुपर्छ कि पर्दैन ?,' थिङले प्रश्न गरिन् ।

संसद्मा उनीपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झालाई सभामुख देवराज घिमिरेले बोल्न समय थिए । कांग्रेसले अवरुद्ध पाऱ्यो । संसद् बैठक कार्यसूचीमा प्रवेश गरेन । तर, सभामुख घिमिरेले भने बैठक सञ्चालन गर्न चाहेका थिए । उनले १५ मिनेट बैठक स्थगित गरेका थिए । संसद्बाट महत्त्वपूर्ण विधेयकहरू पारित गर्नुपर्ने, कतिपय विधेयक संसद्मा प्रस्तुत गर्नु अवस्था छँदाछँदै कांग्रेसले बैठक चल्नै दिएन । आज बुधबार बिहान ११ बजेसम्मका लागि बैठक सूचना टाँस गरेर स्थगित गरिएको छ ।

सदनको अवरोध हटाउन सभामुख देवराज घिमिरेले प्रमुख सचेतक र सचेतकहरूसँग यसअघि छलफल गरेका थिए । त्यसबेला पनि सत्तापक्ष र प्रतिपक्षका प्रमुख सचेतकसँग छलफल गर्दा मिलन बिन्दु फेला परेन । मंगलबार पनि त्यस्तै भयो ।

गृहमन्त्री लामिछानेले राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने संसद्को कार्यसूची थियो । विद्युत् व्यापार विधेयक, २०८० दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव उद्योगमन्त्री दामोदर भण्डारीले प्रस्तुत गर्ने थिए ।

अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए)को स्थापनासम्बन्धी सम्झौताको प्रावधानमाथि सदनमा छलफल गरियोस् भन्ने प्रस्ताव र यसबारेकै सम्झौता अनुमोदन गरियोस् भन्ने प्रस्ताव पनि थियो । यी सबै अलपत्र भए । कांग्रेसले कहिलेसम्म संसद् अवरुद्ध गरिरहन्छ ? टुंगो छैन । अन्य थुप्रै विधेयकहरू पनि अलपत्र छन् । संघीयता कार्यान्वयनका लागि अत्यावश्यक ऐन कानुनहरू बनेका छैनन् ।

(क्रमशः पृष्ठ २ मा)

# इलाममा चार उम्मेदवारबीच टक्कर

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले वैशाख १५ गते हुने उपनिर्वाचनका लागि उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गरेको छ । मंगलबार प्रकाशन गरेको अन्तिम नामावलीअनुसार इलाम-२ को उपनिर्वाचनमा १९ उमेदवार कायम भएका छन् । २० जनाले मनोनयन दर्ता गराएकोमा स्वतन्त्र उम्मेदवारी दिएका केशवकुमार चापागाईंले उम्मेदवारी फिर्ता लिएका हुन् ।


उमेदवारहरूलाई चुनाव चिह्न पनि प्रदान गरिएको आयोगले जनाएको छ । वैशाख १५ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुने आयोगले जनाएको छ । निर्वाचनका लागि आयोगले इलाम-२ का लागि इलामका जिल्ला न्यायाधीश केशवप्रसाद घिमिरेलाई मुख्य निर्वाचन अधिकृतका रूपमा खटाएको छ ।

### यी चारबीच कडा प्रतिस्पर्धा हुने

इलाममा नेपाली कांग्रेसका डम्बर खड्का, नेकपा एमालेका सुहाङ नेम्बाङ, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का मिलन लिम्बू र स्वतन्त्रका डकेन्द्र थेगिमबीच कडा प्रतिस्पर्धा हुने प्रारम्भिक अनुमान छ ।



डम्बर खड्का
कांग्रेस



सुहाङ नेम्बाङ
एमाले



मिलन लिम्बू
रास्वपा



डकेन्द्र थेगिम
स्वतन्त्र

कांग्रेसका उम्मेदवार खड्का पार्टीका जिल्ला सभापति हुन् । नेविसंघबाट राजनीतिक यात्रा थालेका उनी २०५१ सालमा नेविसंघको इलाम जिल्ला सभापतिमा निर्वाचित भएका थिए । २०५८ मा नेविसंघको केन्द्रीय सदस्य र २०६४ सालमा नेविसंघ केन्द्रीय उपाध्यक्ष बनेका उनी कांग्रेसको १२औं महाधिवेशनबाट जिल्ला कोषाध्यक्षमा निर्वाचित भएका थिए ।

१३औं महाधिवेशनमा जिल्ला सभापतिमा पराजित भएका उनी १४औं महाधिवेशनमा जिल्ला सभापति बन्न सफल भए । राजनीति र समाजसेवासँगै व्यवसायमा सक्रिय ४८ वर्षीय खड्का गत वर्ष मंसिरमा सम्पन्न चुनावमा उम्मेदवार बनेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

आजदेखि आचारसंहिता लागू (पृष्ठ ३ मा)

सन्दर्भः वैदेशिक रोजगार

बागलुङमा प्रभावकारी बन्दै सामी परियोजना

# वैदेशिक रोजगारीमा ठगिएको नौ करोड २४ लाख फिर्ता

**गलकोट (बागलुङ)–** पछिल्लो समय वैदेशिक रोजगारीमा जानेको संख्यामा वृद्धि भएसँगै यस क्षेत्रमा आउने समस्या पनि बढ्दै गएका छन् । वैदेशिक रोजगारीमा जानेक्रम बढेसँगै दलालको लोभमा पर्ने, ठगिने, अंगभंग हुने, शारीरिक अपांगता, मानसिक समस्याका साथै घरपरिवारमा कलह सिर्जना हुने गरेका छन् ।

वैदेशिक रोजगारीमा जानेले पर्याप्त जानकारी नलिई, सीप नसिक्दै विदेश पुग्दा ठूलो दुःखकष्ट भोग्दै आएका छन् । वैदेशिक रोजगारीमा आउने समस्यामा बागलुङमा सामी परियोजना प्रभावकारी बन्दै आएको छ ।

वि.सं. २०७६ मा स्थापना भएको सुरक्षित आप्रवासन (सामी) परियोजनाले जिल्लामा वैदेशिक रोजगारीका कारण आउने समस्या घटाउन, सीप सिकाउन र समस्या समाधानका लागि काम गर्दै आएको छ । दलालले प्रलोभनमा पारेर ठगेको रकम फिर्ताको पहल गर्ने, सीप सिकाउने, विदेश जानुपूर्व परामर्श दिने र विदेशबाट नेपालमा आएको रेमिटचान्सको सदुपयोगमा प्रभावकारी भूमिका खेल्दै आएको सामी कार्यक्रमका गण्डकी प्रदेश व्यवस्थापक उमा शर्माले बताइन् । उनका अनुसार यहाँ सामी सुरु भएको चार वर्षमा परियोजनाको सहजीकरणमा दलालले ठगेको नौ करोड रूपैयाँभन्दा बढी रकम फिर्ता गरिएको छ ।

सामीको सहजीकरणमा नौ करोड २४ लाख ६७ हजार रूपैयाँ विभिन्न ठगी गर्ने व्यक्तिबाट पीडितलाई फिर्ता गराउन सफल भएको व्यवस्थापक शर्माले जानकारी दिइन् । उनका अनुसार सामीमा दर्ता भएका ३१४ निवेदनमध्ये १६८ वटाको समाधान भइसकेको छ ।

'२०७६ सालबाट बागलुङमा सामी परियोजना सुरु गरेका छौं । अहिलेसम्म वैदेशिक रोजगारीमा आइपरेका ३१४ समस्या हाम्रो कार्यालयमा दर्ता भएकामा १६८ को समाधान गर्न सफल भएका छौं । दलालले प्रलोभनमा पारेर ठगेको रु नौ करोड बढी रकम फिर्ता गराएका छौं,' शर्माले भनिन्, 'पीडितले रकमसँगै आगामी दिनमा वैदेशिक रोजगारीमा जाँदा कसरी ठगिनबाट बच्ने भनेर सिकेका छन् ।'

> वैदेशिक प्रयोजनका लागि दिएको भन्ने प्रमाण नहुँदा ठगिएको रकम फिर्ता गर्न कठिन हुने गरेको छ । सामी परियोजनाअन्तर्गत जिल्ला प्रशासनमा पासपोर्ट बनाउने समयमै परामर्श दिंदा केही हदसम्म ठगिनबाट जोगिएको परियोजनाका अधिकारीहरूको भनाइ छ ।


स्वदेशमै केही गर्नुपर्नेमा जोड दिइएको भन्दै उनले विदेश जानै परे सुरक्षितरूपमा जानका लागि सीप तथा आवश्यक परामर्श दिने गरिएको बताइन् । 'कामको लेनदेन गर्दा बैंकिङ कारोबार र वैदेशिक रोजगारी खुल्ने गरी कारोबार गर्दा धेरै समस्या समाधान हुन्छ,' उनले भनिन् । वैदेशिक रोजगारीमा जानु नेपालीको बाध्यतालाई धेरैले ठगीको धन्दा बनाउने गरेका शर्माको भनाइ छ । नेपालमा हरेक वर्ष पाँच लाख युवा श्रमबजारमा आउने गरेका छन् । नेपालले करिब साढे एक लाख जतिलाई सामान्य रोजगारी दिने तथ्यांकमा उल्लेख रहेको बताउँदै शर्माले बाँकी युवाको श्रम गन्तव्य वैदेशिक रोजगार रहेकाले अहिले ठूलो समस्या वैदेशिक रोजगार क्षेत्रमा देखिएको जानकारी दिइन् ।

युवा वैदेशिक रोजगारी जाँदा अरुलाई विश्वास गर्ने तथा ठगी गर्नेले पनि उनीहरूको बाध्यताको फाइदा उठाउने गरेकाले पर्याप्त सूचना र ज्ञान लिएर मात्रै अघि बढ्नुपर्ने जिल्लास्थित परियोजनाका संयोजक मीन उपाध्यायले बताए । उनले पछिल्लो समय सामाजिक सञ्जालबाट आकर्षक तलब सुविधा भन्दै गरिएको प्रचारप्रसारको भरमा दलाललाई रकम बुझाउने समस्यामा धेरै परेको बताए ।

'कतिपयलाई वैदेशिक रोजगारीमा ठगिएपछि जाने निकायको विषयमा जानकारी छैन । बागलुङ नगरपालिका र वैदेशिक रोजगार विभागको समन्वयनमा सञ्चालित परियोजनाको विषयमा जानकारी छैन,' उपाध्यायले भने, 'राम्रो सूचना र जानकारीको अभावमा ठगिने र रकम दिने गरेका छन् । वैदेशिक प्रयोजनका लागि दिएको भन्ने प्रमाण नहुँदा ठगिएको रकम फिर्ता गर्न कठिन हुने गरेको छ । त्यसैले जिल्ला प्रशासनमा पासपोर्ट बनाउने समयमै हामीले परामर्श गर्दै आएका छौं, केही हदसम्म हाम्रो कार्यक्रमले ठगिनबाट जोगिनुभएको छ ।'

अवैधानिक बाटोबाट विदेश जाने बढी ठगिने गरेको उपाध्यायको अनुभव छ । 'अहिले नेपालमा दैनिक २५ सय युवा वैदेशिक रोजगार विभागबाट श्रम अनुमति लिएर विदेश जान्छन्,' उनले भने, 'जति पासपोर्ट बनेका छन् त्यसको तुलनामा अनुमति लिनेको संख्या कम छ ।

(क्रमशः पृष्ठ २ मा)

FREE VISA ! FREE TICKET !!
कुवेतमा वैदेशिक रोजगारको अवसर
Holiday Inn AN IHG HOTEL

कम्पनी : HOLIDAY INN KUWAIT ALTHURAYA CITY
पूर्व स्वीकृति मिति २०८०/१२/२७ | LT. No. 303305 | चलानी नं. ६०२१८०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 2 | 140 | ६०,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bellman | 5 | 1 | 120 | ५१,८९५ | | | | | | | |
| 3 | Cleaner/hotels | 20 | 10 | 100 | ४३,२४५ | | | | | | | |
| 4 | Commi I /Chef/Cook | 10 | 5 | 140 | ६०,५५५ | | | | | | | |
| 5 | Commi II /Chef/Cook | 10 | 5 | 125 | ५४,०५५ | | | | | | | |
| 6 | Commi III/Kitchen Helper | 15 | 0 | 100 | ४३,२४५ | | | | | | | |
| 7 | Demi Chef De Partie | 5 | 0 | 175 | ७५,६८० | | | | | | | |
| 8 | Driver | 5 | 0 | 170 | ७३,५२० | | | | | | | |
| 9 | HK Attendant/Cleaner | 10 | 10 | 110 | ४७,५७० | | | | | | | |
| 10 | Housekeeping Supervisor | 1 | 1 | 150 | ६४,८७० | | | | | | | |
| 11 | Laundry Attendant | 10 | 5 | 120 | ५१,८९५ | | | | | | | |
| 12 | Life Guard | 2 | 2 | 140 | ६०,५५५ | | | | | | | |
| 13 | Pastry/baker | 5 | 0 | 160 | ६९,१९५ | | | | | | | |
| 14 | Receptionist/gsa | 3 | 5 | 135 | ५८,३८० | | | | | | | |
| 15 | Security Guard | 5 | 0 | 125 | ५४,०५५ | | | | | | | |
| 16 | Sous Chef | 2 | 0 | 500 | २१६,२३० | | | | | | | |
| 17 | Steward/dishwasher | 15 | 0 | 100 | ४३,२४५ | | | | | | | |
| 18 | Tailor | 2 | 0 | 140 | ६०,५५५ | | | | | | | |
| 19 | Technician | 4 | 0 | 160 | ६९,१९५ | | | | | | | |
| 20 | Waiter/waitress | 20 | 10 | 120 | ५१,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ५ गते (17th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Supreme Overseas Pvt. Ltd.
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

# त्रिभुवन विश्वविद्यालय र चिनियाँ विश्वविद्यालयबीच सम्झौता

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालय र चीनको बेइजिङ फरेन स्टडिज विश्वविद्यालयबीच अध्ययन अध्यापन तथा अनुसन्धानात्मक कार्य आदानप्रदान गर्ने विषयमा सम्झौता भएको छ ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बराल तथा बेइजिङ फरेन स्टडिज विश्वविद्यालय परिषद्का अध्यक्ष प्राध्यापक डा. वाङ डिङह्वाबीच यससम्बन्धी सम्झौतामा मंगलबार हस्ताक्षर भएको हो । सम्झौताअनुसार त्रिवि र बेइजिङ फरेन स्टडिजबीच विद्यार्थी, प्राध्यापक, प्राज्ञिक व्यक्तित्व तथा शैक्षिक प्रशासनका अधिकारी एकअर्कोमा आदानप्रदान गर्ने छन् । दुवै विश्वविद्यालयले आवश्यक ठानेका क्षेत्रमा संयुक्त अनुसन्धानमा सहकार्य गर्ने तथा शैक्षिक सामग्री तथा सूचना आदानप्रदान गर्ने सम्झौतामा उल्लेख छ ।

सम्झौता कार्यान्वयनका लागि दुवै विश्वविद्यालयबीच थप गृहकार्य गरिने, सम्झौता कार्यान्वयनसम्बन्धी आर्थिक पक्षमा छुट्टै परामर्श गरिने तथा सम्झौताले नसमेटेका पक्षमा थप परामर्श गरी छुट्टै सम्झौता गर्न सकिने पनि सम्झौतामा उल्लेख छ । सम्झौताको अवधि पाँच वर्षको रहने र दुवै पक्षको लिखित सहमतिपछि नवीकरण हुने छ ।

त्यस अवसरमा बेइजिङ फरेन स्टडिज विश्वविद्यालय परिषद्का अध्यक्ष प्राध्यापक डा. डिङह्वाले सम्झौताले दुई विश्वविद्यालयबीच मात्र नभई नेपाल र चीनबीचकै दौत्यसम्बन्धमा नयाँ आयाम थपेको बताए । विश्वका १८५ देशका प्रमुख विश्वविद्यालयसँग बेइजिङ फरेन स्टडिजले यसप्रकारको सम्झौता गरिसकेको उनले बताए ।

प्राध्यापक डा. डिङह्वाले दुवै विश्वविद्यालयबीच गहन सहकार्यका लागि दुवैका भाषा विभागबीच प्राज्ञिक ज्ञानको आदानप्रदान सुरु गरिनुपर्ने र एकअर्काको देशमा प्रत्यक्ष भ्रमणसमेत पनि सुरु गर्नुपर्ने बताए । यसैगरी अनुसन्धानका क्षेत्रमासमेत दुवै विश्वविद्यालयबीच सहकार्य गरिनुपर्ने उनको भनाइ थियो ।

## पृष्ठ १ बाट क्रमशः

### हठले संसद्...

कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले शनिबार मात्रै १८२ वटा कानुन अझै बनाउन बाँकी रहेको बताएका थिए । त्यसमध्ये ६१ वटा कानुनलाई पहिलो चरणमा बनाउने गरी सरकारले तयारी गरिरहेको बताएका थिए ।

‘समयमै कानुन तयार नहुँदा जनतामा संघीयता नै निस्प्रभावी भयो भन्ने भ्रम उत्पन्न भइरहेको छ । संघीयता र संविधान कार्यान्वयनका लागि चाहिने नीति १८२ वटा बनाउनुपर्ने छ,’ गिरीले भनेका थिए ।

हाल संसद्मा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधन गर्न बनेको विधेयक समितिमा दफावार छलफल भएको छ । पारित गर्ने क्रममा पुगेको छ । संसद् भने बन्धक छ । सम्पत्ति शुद्धीकरण निवारण, संवैधानिक परिषदसम्बन्धी ऐन, विद्यालय शिक्षा विधेयक, विद्युत् विधेयक, भन्सार विधेयक, संघीय निजामती विधेयक र आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व विधेयक पनि पारित गर्नुपर्ने दबाब छ । अन्य विधेयक पनि संसद्मा विचाराधीन छन् । यसले गर्दा कयौं विधेयकहरूलाई छिटो पारित गर्नुको सट्टा संसद अवरोध गरेर कांग्रेसले उल्झन सिर्जना गरेको छ ।

रास्वपा सभापतिसमेत रहेका गृहमन्त्री लामिछाने भने ठाडो उजुरीका भरमा संसदीय छानबिन समिति गठन आवश्यक नरहेको बताए । यदि, त्यसरी अघि बढ्ने हो भने भोलि जो कोही नेतृत्वमाथि ठाडो उजुरी पर्ने र छानबिन समिति गठन गर्नुपर्ने स्थिति आउने बताए । यससँगै उनले कांग्रेसलाई आफ्नो मात्रै होइन, २०४७ पछिका सबै काण्डहरूको फाइल खोलेर अनुसन्धान अघि बढाउनेगरी उच्चस्तरीय छानबिन समिति गठन गरौं भनेका छन् ।

‘स्वतन्त्र छानबिन समिति गठन गरौं । जसले २०४७ सालदेखि हालसम्मका हरेक काण्डको अनुसन्धान गराऔं,’ रविले मंगलबार पत्रकारहरूसँग भने ।

एमाले प्रमुख सचेतक महेश बर्तौलाले भने छानबिन समिति गठन हुनै नसक्ने दोहोऱ्याए । सत्तापक्षीय अर्को दल नेकपा माओवादी केन्द्रको पनि बर्तौलाकै जस्तै धारणा छ । यसरी सत्तापक्ष र प्रमुख प्रतिपक्षी कांग्रेस आ-आफ्नो अडानबाट टसमस हुने देखिएको छैन । यसले संसद् अवरोध जारी रहने देखिएको छ । जबकि, महत्त्वपूर्ण विधेयकहरू छिटो पारित गर्नुपर्ने अवस्था छ ।

### इलाममा चार...

त्यतिबेला एमाले उपाध्यक्ष सुवास नेम्बाङले ३० हजार २० मत पाउँदा खड्काले २९ हजार ९०६ मत पाएका थिए । सत्ता गठबन्धनको नेतृत्व गरिरहेको एमालेका सुहाङलाई नेकपा माओवादी केन्द्रले सघाउने भएको छ यहाँ माओवादीले उम्मेदवारी मनोनयनसमेत गरेन । माओवादीले यहाँ धिरेन्द्र शर्मालाई उम्मेदवार बनाउने निर्णय गरेको थियो ।

एमालेका उम्मेदवार सुहाङ सुवासका छोरा हुन् । कानुन व्यवसायी सुहाङ उम्मेदवार बन्ने चर्चापछि चैत १ मा एमालेको कानुन विभागको सदस्यमा मनोनीत भएका थिए । रास्वपाले भने माओवादी केन्द्रको आबद्धता छोडेर स्वतन्त्र उम्मेदवारी घोषणा गरेका मिलन लिम्बूलाई आफ्नो पार्टीको टिकट दिएको छ । लिम्बू यसअघि माओवादी केन्द्र निकट प्रेस सेन्टर नेपालका सचिव थिए ।

पहिचान पक्षधरहरूका तर्फबाट डकेन्द्र स्वतन्त्र उम्मेदवारका रूपमा चुनावी मैदानमा छन् । थेगिमलाई जनता समाजवादी पार्टी (जसपा) सहित ४१ वटा राजनीतिक तथा सामाजिक संस्थाको समर्थन छ । त्यसैगरी डा. बाबुराम भट्टराईको पार्टी नेपाल समाजवादी (नेसपा)ले पनि थेगिमलाई सघाउने निर्णय गरेको छ ।

थेगिम २०६० चैतदेखि किरात धर्म तथा साहित्य उत्थान संघको केन्द्रीय समिति र महागुरु फाल्गुनन्द स्मृति प्रतिष्ठानको अध्यक्षबाट थिए । लामो समय एमालेमा रहेका थेगिम पहिचान आन्दोलनको बलमा एमालेको दबदबा रहेको इलाम-२ मा चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । जातीय आधारमा यहाँ थेगिम, योङहाङ र नेम्बाङकोसमेत मत बाँडिने बताइन्छ ।

### बझाङमा को को ?

बझाङ-१ को ‘क’मा हुने निर्वाचनमा ११ जनाको उमेदवारी कायम भएको छ । कूल १२ जनाले उमेदवारी दर्ता गरेका थिए । जसमा नेपाली जनता दलका उमेदवार अशोक सुनारले उमेदवारी फिर्ता लिएका छन् । बझाङमा बझाङका जिल्ला न्यायाधीश सुदर्शन लामिछानेलाई मुख्य निर्वाचन अधिकृतका रूपमा खटाइएको छ ।

बझाङ प्रदेशसभा-१ मा कांग्रेसले अभिषेक सिंहलाई अघि सारेको छ । यहाँबाट निर्वाचित कांग्रेस सांसद पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा परी असार ५ मा निधन भएपछि उक्त सिटमा उनकै छोरालाई पार्टीले अघि सारेको हो ।

सत्ता साझेदार नेकपा एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी र जनता समाजवादी पार्टी पनि बझाङ-१ मा बेग्ला बेग्लै उम्मेदवार खडा गरेका छन् । एमालेले जिल्ला अध्यक्ष दमन भण्डारीलाई उम्मेदवार बनाएको छ । भण्डारी निर्विरोध जिल्ला अध्यक्ष चयन भएका थिए ।

माओवादी केन्द्रले जनक बुढालाई अघि सारेको छ । बुढा माओवादी केन्द्र सुदूरपश्चिमका सचिव हुन् । उनी दोस्रो संविधान सभामा सदस्य थिए । यस्तै एकीकृत समाजवादीले दिलबहादुर सिंहलाई उम्मेदवार बनाएको छ । सिंह एमालेका पूर्वजिल्ला अध्यक्षसमेत हुन् । उनी तत्कालीन नेकपामा पनि बझाङका जिल्ला अध्यक्ष थिए । राप्रपाले किशोर खड्कालाई उम्मेदवार बनाएको छ । खड्का पर्यटन व्यवसायी हुन् ।

■■■

### कर्णालीमा यामलाल ...

यसअघि, कोशी प्रदेशमा नेकपा एमालेले नेपाली कांग्रेसविरुद्ध दर्ता गरेको सोही आधारको रिट निवेदनमा सर्वोच्च अदालतले सभामुखको मत जोड्न नपाउने आदेश दिएको थियो । नवनियुक्त मुख्यमन्त्री अधिकारीले भने आफू नेतृत्वको गण्डकी प्रदेश सरकार चार वर्षसम्मै टिक्ने दाबी गरेका छन् । एमाले पर्वतको दसौं जिल्ला अधिवेशनलाई मंगलबार कुश्मामा सम्बोधन गर्दै मुख्यमन्त्री अधिकारीले अहिलेको नयाँ गठबन्धन कुनै हालतले छिन्नभिन्न नहुने भन्दै यो सरकार चार वर्षसम्मै टिक्ने दाबी गरे ।

### कोशीमा मुख्यमन्त्रीको राजीनामा माग

संघीय सत्तागठबन्धन एमाले र नेकपा माओवादी केन्द्रका कोशी प्रदेशसभा सदस्यहरूले मुख्यमन्त्री केदार कार्कीले अविलम्ब राजीनामा दिनुपर्ने माग गरेका छन् । कोशी एमालेका प्रमुख सचेतक रेवतीरण भण्डारीले प्रदेशसभा सचिवालयमा मंगलबार पत्रकार सम्मेलन गरी चैत २६ गते प्रदेश प्रमुख पर्शुराम खापुङसमक्ष ५२ प्रदेशसभा सदस्यले समर्थन फिर्ता लिएको पत्र बुझाएकाले मुख्यमन्त्री कार्कीले अविलम्ब राजीनामा दिनुपर्ने बताएका हुन् । नेपालको संविधानको धारा १८८ को उपधारा २ बमोजिम समर्थन फिर्ता लिएपछि चैत २६ देखि चैत ३० गतेभित्र वर्तमान कोशी सरकारले विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता रहेको भण्डारीले दाबी गरे ।

प्रमुख सचेतक भण्डारीले मुख्यमन्त्री कार्कीलाई ३० दिनभन्दा अगाडि नै संसदीय प्रक्रियामार्फत राजीनामा दिनसमेत आग्रह गरे । कोशीमा एमालेको नेतृत्वमा नयाँ सरकार गठनको तयारीमा गठबन्धन लागेको छ ।

### कांग्रेस प्रमुख सचेतकमा तामाङ

नेपाली कांग्रेसले कोशी प्रदेशसभाको संसदीय दलको सचेतकमा गोपाल तामाङलाई चयन गरेको छ । मंगलबार कांग्रेस संसदीय दलका नेता उद्धव थापाले संसदीय दलको विधानबमोजिम तामाङलाई प्रमुख सचेतक मनोनीत गरेका हुन् । नेपाली कांग्रेस प्रदेशसभा संसदीय दलको विधान २०७४ को दफा ११ को उपदफा (१) बमोजिम उनलाई प्रमुख सचेतक चयन गरेको थापाले बताए ।

उनी झापा क्षेत्र नम्बर १ को प्रदेशसभा (१) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् । यसअघि संसदीय दलका प्रमुख सचेतक रहेका भूपेन्द्र राईले पदबाट राजीनामा दिएका थिए ।

■■■

### वैदेशिक रोजगारीमा...

यसको अर्थ अनुमति नलिइकन विदेश गएको भन्ने हो, त्यसै गएका झनै बढी ठगिएको पाइन्छ ।’ उनका अनुसार परियोजनाले पाँचवटा योजनाअन्तर्गत काम गर्दै आएको छ । जिल्लाका बागलुङ, जैमिनी र गलकोट नगरपालिकाका साथै काठेखोला गाउँपालिकामा परियोजना सञ्चालित छ । परियोजनाले सूचना तथा परामर्श, न्यायमा पहुँच, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श र सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिरहेको संयोजक उपाध्यायले जानकारी दिए ।

परियोजनाले जिल्ला प्रशासन कार्यालयमा सूचना केन्द्रको स्थापना गरेर परामर्शसँगै ठगीलगायतका समस्यामा सहजीकरण गर्ने गरेको छ । वैदेशिक रोजगारीले नेपालमा ठूलो रेमिटचान्स भित्रिए पनि त्यसको असरले समाजमा परेको सामाजिक मूल्य भने देशले चुकाउन नसक्ने अवस्थाको रहेको उनको भनाइ छ ।

अभिभावकको रेखदेखमा नरहेका बालबालिका, किशोर र युवावस्थामा प्रवेश गर्दा लागुऔषधलगायतका अन्य दुर्व्यसनमा जाने गरेको देखिएको छ । बागलुङबाट चालु आर्थिक वर्षमा मात्रै साढे १२ हजारभन्दा बढी युवा वैदेशिक रोजगारीमा गएका छन् । परियोजनाले बागलुङका ३०९ जनालाई सीपमूलक तालिम दिएको जनाएको छ । रासस

**Sudurpaschim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office, Kanchanpur

### Invitation for Bids (IFB) No. 02-IDOKAN/080/81

**Date of first publication: 2080-12-28 (10th of Apr, 2024)**

1. Infrastructure Development Office, Kanchanpur invites sealed bids from eligible domestic bidders for the construction works enlisted below:

| Contract No. | Name and Location of the Construction Work | Estimated Amount (Including VAT & PS) (NRs) | Bid Security Amount (NRS) | Bid Document Fee (NRS) |
|---|---|---|---|---|
| IDOKAN/W/NCB/080/81-13 | Construction of Highway bat Sudarsan pul bhayera Bandevi School Jodne Sadak, Krishanapur Na.Pa.4,5, Kanchanpur | 4,831,531.61 | 125000 | 3000 |
| IDOKAN/W/NCB/080/81-14 | Construction of Ban devi Mandir bat Utar wada no 4, 5, Simana culvert bat purba bichapatti hudai krishna ma.bi.Sammako bato, Krishanapur Na.Pa.5, Kanchanpur | 4,830,541.49 | 125000 | 3000 |
| IDOKAN/W/NCB/080/81-15 | Construction of Ran Bahadur Chandko ghar dekhi mul nahar jodne Samma Sadak Black Top, Bedkot Na.Pa. 8, Kanchanpur | 3,864,748.23 | 100000 | 3000 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp and may obtain further information at Infrastructure Development Office, Kanchanpur mail address idokanchanpur@gmail.com

**Office Chief**


## ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT!!!

### शुन्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

**COMPANY: TABCO INTERNATIONAL FOOD CATERING KSCC, KUWAIT**
**कम्पनी : ट्याब्को इन्टरनेशनल फुड क्याटरिङ केएससिसि, कुवेत**

Pre Approval Date : 2024-04-09 | पूर्व स्वीकृति मिति : २०८०/१२/२७
LT. No.303257 | एल टि न. ३०३२५७
चलानी नं. ६०२१८१०४ | Invoice No. 60218104

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew | 80 | 40 | 140 | ६०,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

The interview will be conducted in the office on 17th Apr , 2024.
अन्तर्वाता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ५ गते हुनेछ ।

**नोटः** आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५०० /- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने
How much is the Service Fee and who will bear it By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa Confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 4379450, P.O.Box: 7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLING AND SMOOTH FOR GENERAL BUILDING CLEANING SERVICES CO.
पूर्व स्वीकृति मिति : २०८०/०९/०१ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२७ LT No. 296548 चलानी नं.६०२१८०३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 10 | 100 | ४३,२४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 150 | ६४,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ५ गते (17th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUPREME OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFAAQ ALKALU EXCAVATION & BUILDING EQUIPMENTS RENNTAL
पूर्व स्वीकृति मिति २०८०/०६/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२७ LT. No. 293011 चलानी नं. ६०२०८१७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 10 | 0 | 100 | ३५,२३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 5 | 0 | 120 | ४२,२७५ | | | | | | | |
| 3 | Carpenter | 5 | 0 | 120 | ४२,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ५ गते (17th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SPACE HR SOLUTIONS PVT.LTD
श्रम ईजाजत नं. १५७१/०७९/०८०
Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9841415166
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN CONSTRUCTION COMPANY CO LLC
पूर्व स्वीकृति मिति २०७९/04/03 LT. No. 303313 चलानी नं. ६०२१८१०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 100 | 0 | 800 | २८,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Carpenter | 50 | 0 | 1200 | ४३,४५० | | | | | | | |
| 3 | Mason | 50 | 0 | 1200 | ४३,४५० | | | | | | | |
| 4 | Steel Fixer | 70 | 0 | 1200 | ४३,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः रुपन्देही, बुट्वल ट्रेनिङ सेन्टरमा मितिः २०८१ वैशाख ५ गते (17th April 2024) मा हुनेछ ।
धनुषा, जनकपुर बिएम ट्रेनिङ सेन्टरमा मितिः २०८१ वैशाख ६ गते (18th April 2024) मा हुनेछ ।
सुनसरी, अन्जली सिप विकास केन्द्र, बी.पी.चोक, इटहरीमा मितिः २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ८ गते (20th April 2024) मा हुनेछ ।
नेपालगञ्ज ट्रेनिङ सेन्टर, बाँकेमा मितिः २०८१ वैशाख ९ गते (21st April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

# राष्ट्रिय सभा उपाध्यक्षमा घिमिरे र पुडासैनीबीच प्रतिस्पर्धा

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाको उपाध्यक्ष पदमा दुई जनाको उम्मेदवारी परेको छ। नेपाल कम्युनिस्ट पार्टी (एमाले)का तर्फबाट बिमला घिमिरे र नेपाली कांग्रेसकातर्फबाट विष्णुदेवी पुडासैनीले उम्मेदवारी दर्ता गरेका हुन् ।



घिमिरेको प्रस्तावकमा सांसद भगवती न्यौपाने र समर्थकमा सांसद गोपीबहादुर सार्की अछामी रहेका छन् । यस्तै, नेपाली कांग्रेसको तर्फबाट उम्मेदवार बनेकी पुडासैनीको प्रस्तावकमा सांसद दुर्गा गुरुङ र समर्थकमा सांसद नारायणदत्त भट्ट रहेका छन् । उपाध्यक्षको निर्वाचन आज बुधबार हुँदै छ । तत्कालीन उपाध्यक्ष उर्मिला अर्यालले पदबाट राजीनामा दिएपछि निर्वाचन हुन लागेको हो ।

उम्मेदवारी दर्ता गराएपछि सञ्चारकर्मीसँग कुरा गर्दै एमालेका तर्फबाट उपाध्यक्षका उम्मेदवार घिमिरेले आफू आफ्नो दलले दिएको जिम्मेवारी पूरा गर्न अघि बढेको बताइन् । उनले राष्ट्रिय सभालाई अध्यक्षसँग सल्लाह गरेर सभालाई थप मर्यादित बनाउने र विधेयकलाई छिटोछरितो पास गराउन सम्पूर्ण रूपमा सहयोगी भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरिन् ।

यस्तै, कांगेसका तर्फबाट उम्मेदवारी दर्ता गराएकी पुडासैनीले राष्ट्रिय सभालाई गरिमामय बनाउन आफूले भूमिका खेल्ने बताइन् । आफूले स्थानीय रूपमा पनि काम गरेको जानकारी दिँदै उनले जनताको मन छुने खालका ऐन, कानुन बनाउनुपर्छ भन्ने आफ्नो मान्यता रहेको उल्लेख गरिन् ।

# भ्रष्टाचार अभियोगमा मुद्दा दायर

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कालिकोटको साविक थिर्पु गाविसमा सञ्चालित थोपा सिँचाइ कार्यक्रममा भ्रष्टाचार गरेको अभियोगमा पलाता गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहितका अधिकारीविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगले पलाता गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद कुस्मा र सबइञ्जिनियर माधवकुमार काफ्लेविरुद्ध १३ लाख ७४ हजार रूपैयाँ बराबरको बिगो दाबी गरिएको छ । पलाता गाउँपालिकाका तत्कालीन उपाध्यक्ष दाना न्यौपाने, वडा नं ८ का तत्कालीन वडाध्यक्ष पटकबहादुर बम र वडासचिव जानकीकुमारी शाहीविरुद्ध पनि समान बिगो दाबी गरिएको छ । मूलखोला थोपा सिँचाइ उपभोक्ता समितिका अध्यक्ष मनराज शाही, सचिव लोकेन्द्र बम र कोषाध्यक्ष मोतिसुरा रोकायविरुद्ध पनि बिगोबमोजिम समान बिगो माग दाबी गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

आयोगले मंगलबार नै कृषि विकास निर्देशनालय, गण्डकी प्रदेशका तत्कालीन निमित्त कार्यालय प्रमुख निलकण्ठ पोखरेल, पकवादी सहकारी संस्थाका अध्यक्ष हरिलाल खनालसहित आठजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । उनीहरूलाई कृषि निर्देशनालय गण्डकी प्रदेशबाट प्राप्त अनुदान रकममा भ्रष्टाचार गरेको अभियोग लागेको छ ।

आयोगले निमित्त कार्यालय प्रमुख खनालविरुद्ध २८ लाख ३७ हजार रूपैयाँ बराबरको बिगो दाबी गरेको छ । कृषि इञ्जिनियर विश्वनाथ पौडेल, कृषि विकास अर्थविज्ञ भानुभक्त भट्टराई, पकवादी सहकारी संस्थाका अध्यक्ष हरिलाल खनाल, उपाध्यक्ष हेमा पौडेल तिमिल्सिना, सचिव परशुराम खनाल, कोषाध्यक्ष उमा श्रेष्ठ र गल्याङ नगरपालिका-३ श्रीप्रसाद श्रेष्ठविरुद्ध पनि २८ लाख ३७ हजार रूपैयाँ बराबरको बिगो दाबी गरिएको छ । आरोपीलाई कैद सजायको माग गरिएको आयोगका प्रवक्ता घिमिरेले जानकारी दिए ।

# उपनिर्वाचनका लागि आजदेखि आचारसंहिता लागू

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि आजदेखि आचारसंहिता लागू गरेको छ । आयोगले उपनिर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न आज (चैत २८ गते)देखि सम्बन्धित क्षेत्रमा निर्वाचन आचारसंहिता लागू गर्ने निर्णय गरेको हो ।

आयोगमा रहेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकको सिफारिससमेतका आधारमा प्रतिनिधिसभाको इलाम क्षेत्र नं २ र बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं १ मा आचारसंहिता लागू गराउन जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिलाई निर्देशन दिने निर्णय पनि गरेको आयोगले मंगलबार जानकारी दिएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा मंगलबार जारी विज्ञप्तिमा निर्वाचन आचारसंहिता, २०७९ को दफा ४२ बमोजिम आचारसंहिताको पालना तथा राजनीतिक दल तथा उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको सम्बन्धमा नेपाल प्रहरी, अन्य सुरक्षा निकाय, कुनै कार्यालय वा व्यक्तिमार्फत आवश्यक सूचना र विवरण लिई तत्काल कारबाही गर्न निर्देशन दिइएको छ ।

यसैगरी राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचारण जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलासम्बन्धी विषय, सवारीसाधनको प्रयोग र सञ्चारमाध्यमको प्रयोगसम्बन्धी विषय र निर्वाचन खर्चसम्बन्धी विषयमा दैनिक विवरण लिन भनिएको छ ।

आयोगमा रहेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले निर्वाचन सुरक्षा व्यवस्थाका सम्बन्धमा पनि तयारी समीक्षा गरेको आयोगले जनाएको छ ।

---

सुदूरपश्चिम प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**कञ्चनपुर**

## बोलपत्र रद्द सम्बन्धी सूचना

प्रकाशित मिति २०८०/१२/२८

यस कार्यालयबाट ठेक्का नं IDOKANCHANPUR/W/R/M/03/079/080 " Construction & upgrading work of Loktantric Marg Company Dada to Doda bridge Road (Chainage 0+ 000 to 3+473)'' को निर्माणका लागि मिति:२०८०/०१/२० गतेको "प्रभाव" राष्ट्रिय दैनिकमा बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोमा उक्त सडक निर्माणको बोलपत्र Bid Document को ITB clause 37 र सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ बमोजिम रद्द गरिएको व्यहोरा सम्बन्धित सम्पूर्णमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यालय प्रमुख**

---

नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०१/२५ मा दर्ता भएको प्रा.लि.नं. २१४६६७ को **एट सीड प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रोटक प्रकाशित मिति: २०८०/१२/२८**

यस कम्पनीको मिति २०८०/०६/२४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **दि सेन्टर ओभरसिज कम्पनी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **दि सेन्टर ओभरसिज प्रा.लि.**(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१२/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दि सेन्टर ओभरसिज प्रा.लि.**(प्रा.लि.नं.२८७२७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति: २०८०/१२/२८**

यस **सि.एन.एन नेटवर्क प्रा. लि.** अनतर्गत सूचना विभागमा दर्ता भएको www.canadanepal.com दर्ता नं १२८१/०७५-०७६ मा अबको मितिबाट कम्पनीको नाम परिर्वतन गर्ने निर्णय गरिए साथै **सि.एन.एन नेटवर्क**को ठाँउमा **क्राउन डिजाइन एण्ड रिसर्च सेन्टर प्रा. लि.** को नाममा परिवर्तन गरिने छ ।


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१२/२८ गते)

श्री अवतर तामाङ्गको नाति, राम बहादुर तामाङ्गको छोरा मोरङ्ग जिल्ला, विराटनगर वडा नं. १५ स्थायी बसोबास भई हाल मोरङ्ग जिल्ला, विराटनगर वडा नं. १५ घर भएका बालकृष्ण तामाङ्गको ५७ वर्षको उमेरमा मिति वि.सं. २०८०/१०/२७ मा निधन भएकोले निजको नाममा यस बैंकको विराटनगर शाखामा रहेको बचत खाता, खाता नं. ००२०१५६४६२१००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनी निज खातावालाको भाई, बुद्ध कुमार तामाङ्गले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय विराटनगरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय विराटनगर, मोरङ्ग फोन नं.०२१ ५७७१०१**



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TOP SOCIAL TRADING CONTRACTING AND SERVICES W.L.L**

पुर्व स्वीकृति मिति २०८०/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२७ | LT. No. :292045 | चलानी नं.६०२०७३८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1100 | ४०,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1300 | ४७,५७० | | | | | | | |
| 3 | Flower Maker. | 0 | 2 | 1500 | ५४,८८५ | | | | | | | |
| 4 | Labour | 1 | 0 | 1000 | ३६,५९० | | | | | | | |
| 5 | Labour Service | 0 | 2 | 1000 | ३६,५९० | | | | | | | |
| 6 | Mason | 1 | 0 | 1100 | ४०,२५० | | | | | | | |
| 7 | Painter | 1 | 0 | 1100 | ४०,२५० | | | | | | | |
| 8 | Plaster Worker | 2 | 0 | 1100 | ४०,२५० | | | | | | | |
| 9 | Plumber | 4 | 0 | 1100 | ४०,२५० | | | | | | | |
| 10 | Receptionist | 0 | 1 | 1100 | ४०,२५० | | | | | | | |
| 11 | Representative | 1 | 0 | 2200 | ८०,५०० | | | | | | | |
| 12 | Supervision | 3 | 0 | 2500 | ९१,४८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ५ गते (17th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** — श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CHICKEN DAY RESTAURANTS TO PROVIDE MEALS**

पूर्व स्वीकृति मिति २०८०/१२/२७ | LT. No. 303245 | चलानी नं. ६०२१८०८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaning Worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ५ गते (17th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TESLA OVERSEAS PVT.LTD.** — Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965, Mob: 9802353778, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MANSOUR MOHAMMED AL-AJMI CONTRACTING EST**

पूर्व स्वीकृति मिति: २०८०/१२/२७ | LT. No. 303242 | चलानी नं. ६०२१८०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Plumber | 1 | 0 | 1200 | ४२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ५ गते (17th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.** — श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **ALI BIN HASHEM AL HUSSEIN OPERATION AND MAINTENANCE COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०७/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२७ | LT. No.294320 | चलानी नं. ६०२०९४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 45 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३ गते (15th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.** — श्रम ईजाजत नं. ४४८/०६०/०६१
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **VOSTOK COMPANY FOR AIR CONDITIONING AND REFRIGERATION**

पुर्व स्वीकृति मिति २०७८/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२७ | LT No :298587 | चलानी नं. ६०२१३५३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A/C Techinician | 25 | 0 | 140 | ६०,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ५ गते (17th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.** — Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JUMAAN ABDULLAH MOHAMMED DHIKHAN AL GHAMDI CONTRACTING EST**

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२७ | LT No. 297591 | चलानी नं. ६०२१२६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ५ गते (17th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD** — Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266,
985-1105656, 9801020501/ 9804347122/ 9815360583/ 9810232965/ 9824347702/ 9824387018
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PLATINUM HANDS PACKING & REPACKING SERVICES**

पुर्व स्वीकृति मिति २०८०/१२/२३ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : **MAYAR FACILITIES MANAGEMENT LLC**

पुर्व स्वीकृति मिति २०८०/०९/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 294971 | चलानी नं. ६०२१०३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 36 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **MAWARID SERVICES COMPANY LLC**

पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **A T V A TECHNICAL AND CLEANING SERVICES LLC**

पुर्व स्वीकृति मिति २०८०/१०/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 298333 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 51 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ३ गते (15th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Future Star Manpower Pvt. Ltd.** — श्रम ईजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# काठमाडौं महानगरको स्वागतयोग्य कदम

नयाँ शैक्षिकसत्रको आगमनसँगै विद्यार्थी भर्नाको क्रम धमाधम चलिरहेको छ। सामुदायिक र संस्थागत दुवैतर्फका विद्यालयहरूले भर्ना अभियान चलाइरहेका छन् । अभिभावकहरू आफ्ना सन्ततीका लागि राम्रो स्कुल छनोट गर्ने दौडाहमा छन्। एकातिर विद्यालय छनोट र अर्कोतिर आर्थिक व्यवस्थापनको दबाबमा छन् अभिभावक । संस्थागत विद्यालयमा छोराछोरी पढाउने अभिभावकहरू अझ बढी तनावपूर्ण अवस्थामा देखिन्छन् । विद्यालयले भर्ना शुल्क, वार्षिक/मासिक शुल्क तथा विभिन्न शीर्षकमा लिने चर्को शुल्कको भारीले थिचिएका उनीहरू खुसी होउन् पनि कसरी ! तर आफ्ना सन्ततीलाई गुणस्तरीय शिक्षा दिन जस्तोसुकै सम्झौता गर्न बाध्य हुन्छन्।

शुल्कको भारीमात्रै होइन, पोसाक र शैक्षिक सामग्री विद्यालयले तोकेकै बिक्रेताबाट मात्र किन्नुपर्ने बाध्यतामा पारिन्छ । यस्तो 'सिण्डिक'ले अभिभावकलाई आजित बनाइरहेको अवस्थामा काठमाडौं महानगरपालिका (कामपा)ले राम्रो अभियान थालेको छ। काठमाडौं महानगरका विद्यालयले पोसाक र शैक्षिक सामग्री बिक्री गर्न नपाउने निर्णय महानगरले गरेको छ । काठमाडौं महानगरको यो निर्णय स्वागतयोग्य छ। महानगरपालिकाले सबै सामुदायिक तथा संस्थागत विद्यालयले विद्यार्थीलाई विद्यालयबाटै पाठ्यपुस्तक, पाठ्यसामग्री, पोसाक, शैक्षिक सामग्रीलगायत सामग्री खरिद गर्न बाध्य नगर्न र विद्यालयबाट बेचबिखनसमेत नगराउन सूचना जारी गरेको छ।

महानगरको यो निर्णयको अहिले चौतर्फी स्वागत भइरहेको छ । अभिभावक संघ नेपालले महानगरको निर्णय स्वागत गर्दै भनेको छ, 'कतिपय विद्यालयले पुस्तक वितरण पनि आफैं गर्ने, आफूले भनेकै ठाउँमा गएर किन्नुपर्ने नियम बनाएका छन्। त्यो बाध्यताको अन्त्य हुनुपर्छ ।' संघका अध्यक्ष केशव पुरीले यो विषय उठान गरिरहेकै विषय भएकाले सबै विद्यालयले अनिवार्य लागू गर्नुपर्नेमा जोड दिए । शिक्षाविद्हरूले पनि यही कुरामा जोड दिँदै आएका छन्।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)का अध्यक्षले डिके ढुंगानाले भने विद्यालयले आफैं पाठ्यपुस्तक र पोसाक बिक्री गर्न नपाउने नियम पहिलादेखि नै भएको र सबैले पालना गरिरहेको दाबी गरे। उनले दाबी गरेजस्तो व्यवहारमा छैन। अहिले पनि संस्थागन विद्यालयहरूले उक्त व्यवस्था हटाएका छैनन्। यसको मारमा अभिभावक परिरहेका छन्।

एक त अभिभावकले शुल्ककै मार खेपिरहेकै बेला भनेकै ठाउँमा किताब, पोसाकलगायतका सामान किन्न लगाउनु गलत कार्य हो। गरिबका छोराछोरीले जसोतसो रकम जुटाएर पढ्न आएका हुन्छन् । यहीँबाट नै किन्नुपर्छ भन्ने नियम व्यापारिक प्रायोजनले गरिएको प्रस्ट देखिन्छ । शिक्षाविद् विद्यानाथ कोइरालाले भनेजस्तै विद्यालयमा कमिसनको चक्कर अब अन्त्य हुनुपर्छ। त्यसैले काठमाडौं महानगरले चालेको कदम व्यवहारमा कार्यान्वयन गर्न जरुरी छ। नमान्ने विद्यालयहरूलाई कारबाहीको दायरामा ल्याउनैपर्छ । निर्णय कार्यान्वयनमा महानगरले खुट्टा नकमाओस् । र, देशभरका स्थानीय तहहरूले यो अभियान चलाओस्। यसमा सबैले साथ दिए अवस्य सफल हुने छ।

# विश्वविद्यालय पदाधिकारी नियुक्तिमा क्रमभंगता



विनोदखण्ड तिमिल्सेना

> राजनीति सबै नीतिहरूको जननी हो । सपारेको यश र अपजश मूलतः राजनीतिले नै लिन पाउनुपर्छ र लिनुपर्छ । पछिल्लो समयमा हामी नेपालीलाई र समग्र नेपालको संस्थागत विकासलाई राजनीतिले साह्रै नराम्रोसँग बिगारेको छ भन्ने आमभनाइ छ । यो भनाइ अतिशयोक्तिपूर्ण हो जस्तो लाग्दैन । हामीले हासिल गरेका अनुभवले पनि यस भनाइलाई सहयोग नै गरेको अनुभूति छ । नेपालमा मेरिटोक्रेसीलाई स्थान दिनैपर्ने वस्तुगत आवश्यकता छ ।

भनिन्छ, कुनै पनि देशलाई ध्वस्त पार्नु छ भने कुनै आणविक अस्त्र वा लामो दूरीको क्षेप्यास्त्र प्रयोग गर्नु पर्दैन, बरु त्यस देशको शिक्षा क्षेत्रलाई गतिहीन र ध्वस्त बनाए पुग्छ। युरोप र जापानमा जति हतियार र क्षेप्यास्त्र इतिहासमा सायदै संसारको अरू कुनै भागमा प्रयोग भए होला । तर पनि त्यहाँको विकास र समृद्धिमा युद्धको प्रभाव कमजोर छ किनकि त्यहाँको शिक्षा प्रणाली व्यवस्थित र संस्थागत भएको छ।

युरोपका अधिकांश मुलुकहरू आर्थिक गतिविधिहरूको केन्द्र बनेका छन्। त्यहाँ व्यवस्थित प्रणाली र प्रभावशाली संस्थागत विकास भएको छ। अमेरिका संसारको सबैभन्दा शक्तिशाली र वैश्विक आकर्षणको थलो हो। चीन, अस्ट्रेलिया, जापान, क्यानडा आदि संसारका प्रभावशाली राष्ट्रहरू हुन्। सिंगापुरले आर्थिक रूपमा सबलता हासिल गरेको छ । संयुक्त अरब इमिरेटस (युएई) र कतार नयाँ एसियायी शक्तिका रूपमा उदाएका छन् । किनकि यी देशहरूमा शैक्षिक संस्था र विश्वविद्यालयहरूमा योग्यतामा आधारित प्रणाली (मेरिटोक्रेसी)लाई उच्च स्थान र प्राथमिकता दिइएको हुन्छ। विद्यार्थी मेरिटका आधारमा भर्ना पाउँछन्, प्राध्यापक अनुसन्धान दक्षता र शैक्षिक उपलब्धिको मेरिटकै आधारमा विश्वविद्यालय छिर्छन्।

नेपालका शिक्षण संस्था र विश्वविद्यालयमा नेतृत्वदायी भूमिकामा नियुक्तिका लागि नेतृत्वगणलाई कस्ता मानिसहरू रुचिकर छन् भन्ने अनुभवमा आधारित रहेर मनन् गर्न सकिन्छ। विश्वविद्यालयप्रति आममानिसको भरोसा, शिक्षा मन्त्रालयले विश्वविद्यालयहरूमा दिने प्राथमिकता र उच्च शिक्षाका शैक्षिक उत्पादनहरूको विदेशतर्फ पलायनका लागि लामबद्ध लर्कोलाई अवलोकन गर्दा नेपालका संस्थाहरूको विकासमा विश्वविद्यालयबाट भरोसायोग्य नेतृत्व प्रदान नभएको सत्य हो।

राजनीतिक नेतृत्वमा रहेर शैक्षिक प्रतिष्ठानहरूमा हस्तक्षेप र विश्वविद्यालय वा प्राज्ञिक भूमिकामा रहँदारहँदै राजनीतिक गतिविधिमा अधिक सक्रियताले नेपालमा राजनीतिक व्यक्तित्व र प्राज्ञिक व्यक्तित्व पहिचानमा व्यापक चुनौती थपिएको छ । राजनीतिक भाग पाउनकै लागि विश्वविद्यालय क्याम्पसको होस्टलमा वर्षौंसम्म बसिरहेका र 'राजनीति' गरिरहेका अराजनीतिक व्यक्तिहरूको इशारा र पञ्जाबाट विश्वविद्यालयको नेतृत्वलाई निरपेक्ष राख्न नसक्दासम्म मेरिटोक्रेसी मृगतृष्णा मात्र हुने छ । विशेषगरी कुनै राजनीतिक दलका नेताको फुर्को समातेर विश्वविद्यालय छिर्ने, केही समयपछि अनसनको जुस पिएर स्थायी बन्ने वा पदोन्नति लिने, बौद्धिक चोरी गरेर प्रकाशन गर्ने र संघ वा संगठनलाई भजाएर राजनीतिक नियुक्तिका रूपमा विश्वविद्यालयको पदाधिकारीमा आसिन हुने र निजी संस्था वा आसेपासेलाई सम्बन्धन बेचेर खाने लठैतहरूबाट विश्वविद्यालय जोगाउन शीर्षनेताहरूमा दायित्वबोधसहितको प्रतिबद्धता आवश्यक छ।

विश्वविद्यालयहरूप्रति आमजनतामा खस्केको भरोसा जगाउने हो भने आमरूपमा कर्मप्रति प्रतिबद्ध, मेरिटोक्रेसीमा अब्बल, अनुसन्धान र अन्वेषणमा काबिल, भनाइ र गराइमा एकरूपता भएका, निडर, सादगी जीवनशैली र सदाचारी व्यवहार भएका मानिसहरू विश्वविद्यालयका नेतृत्वमा पुऱ्याउनुपर्छ। यस्ता जनशक्तिले संस्थागत विकासमा भरोसायोग्य परिणाम दिन सक्छन्। नेपालमा मेरिटोक्रेसीका जगमा यस्तै मानिसहरू विश्वविद्यालयहरूको नेतृत्वमा पुऱ्याउन सकेमा मात्रै विश्वका समृद्ध मुलुकमा जस्तै विश्वविद्यालयलाई आकर्षणको केन्द्र बनाउन सकिन्छ । आज विदेशका विश्वविद्यालयमा अध्ययन गर्न जानका लागि तम्तयार युवाशक्तिलाई रोक्ने मात्र हैन, विदेशी विद्यार्थीलाई नेपालमा आकर्षण पनि गर्न सकिन्छ । कतिपय विभागहरूले विदेशी विद्यार्थीसमेत भित्र्याएका दृष्टान्तहरू पनि हामीसँग छन्।

यही आवश्यकताको महसुस गरेर र जनअपेक्षाको कुरा हृदयंगम गरेर हुनुपर्छ केही महिना पहिले प्रधानमन्त्री पुष्पकमल दाहालले पहिलोपटक नेपालका विश्वविद्यालयहरूमा मेरिटोक्रेसीका आधारमा नेतृत्व चयन गरेर नेपालको शिक्षा पद्धतिमा भरोसा जगाउने उद्घोष गरे। लामो समय लगाएर सार्वजनिक प्रतिस्पर्धाका आधारमा मेरिटको मापदण्ड र मान्यताअनुसार नेपालको सबैभन्दा ठूलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयमा उपकूलपति नियुक्ति गर्ने काम भयो।

आमरूपमा राजनीतिक नेतृत्वहरूको भागबण्डा र विशेषगरी कूलपतिको विश्वास वा रोजाइमा नियुक्ति हुँदै आएको उपकूलपतिको पद यसपटक क्रमभंगसहित नियुक्ति भयो । पोखरा विश्वविद्यालयमा उपकूलपति रहेका बखत कामबाटै आफूलाई अब्बल प्रमाणित गरेका प्रा.डा. केशरजंग बराल त्रिभुवन विश्वविद्यालयको उपकूलपतिमा नियुक्त भएपछि समग्र नेपाली शैक्षिक जगतमा सकारात्मक सन्देश प्रवाह भयो । आफ्नो पार्टीप्रति बढी प्रतिबद्धभन्दा शैक्षिक र अनुसन्धानमा अब्बल प्राज्ञिकहरू नेतृत्व बनेर शैक्षिक प्रतिष्ठान र विश्वविद्यालयमा आउँछन् भन्ने विश्वास भयो।

अहिले नेपालका अधिकाश विश्वविद्यालय र क्याम्पसहरूले पूर्ण क्षमतामा विद्यार्थी पाउन सकेका छैनन् । यद्यपि सेमेस्टर प्रणालीअन्तर्गतका कतिपय विषयमा भने विद्यार्थीहरूको आकर्षण अझै पनि घटेको छैन । विद्यार्थीको पलायन भयावह छ। त्रिविअन्तर्गत आकर्षक मानिएका चिकित्सा शिक्षा र इन्जिनियरिङ कार्यक्रमहरूमासमेत विद्यार्थीको आकर्षण घट्दो छ।

खासगरी मानविकी, शिक्षा, विज्ञान संकायअन्तर्गतका जनरल विषयहरूमा विद्यार्थीहरू भर्ना नै नहुने तथा भर्ना भए पनि बीचमै छाड्ने समस्या आमरूपमा परिचित छ। विश्वविद्यालय क्याम्पसका धेरै केन्द्रीय विभागहरूमा दुई अंकभन्दा कम संख्यामा र अधिकांश केन्द्रीय विभागहरूमा न्यून संख्यामा विद्यार्थीहरू रहेको अवस्था छ । तर मानविकी संकायअन्तर्गतकै केही विभागमा विधार्थीहरूले भर्ना हुन नपाउने र मेरिटमा सफल नभई प्रवेश नै नपाउने अवस्था पनि छ। तीमध्ये एक हो- अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभाग।

त्रिभुवन विश्वविद्यालयले सन् २०१३ मा अन्तर र्राष्ट्रिय सम्बन्ध र कूटनीति विषयमा स्नात्तकोत्तर कार्यक्रम भाडामा लिएका तीनवटा कोठाबाट सुरु गरेको थियो। आदर्श नमूनाका रूपमा सञ्चालन भएको यो कार्यक्रममा गुणस्तरीयताका लागि सम्झौताहिन तरिकाले र पूर्ण पेसागत समर्पणका साथ शैक्षिक नेतृत्वले काम गरेकै कारणले सो कार्यक्रमको प्रारम्भदेखि अहिले २०२४ सालसम्म विद्यार्थीहरूको आकर्षण कहिल्यै घटेको छैन। अहिले त्रिभुवन विश्वविद्यालयको हाताभित्र आफ्नै भवनमा स्नात्तकोत्तर, दर्शनाचार्य र विद्यावारिधि समेतमा अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विषयमा पठनपाठन हुन्छ।

नेपालबाट मात्र हैन विदेशबाटसमेत विद्यार्थीहरू अध्ययन गर्न आउने गरेका छन् र मेरिटमा अब्बल हुनेहरूले मात्र भर्ना पाउँछन् । शैक्षिक नेतृत्वको भूमिका र प्रभाव कति दिगो र दीर्घकालीन हुन्छ भन्ने यो सफल उदाहरण समग्र त्रिविका शैक्षिक सरोकारवालाहरूबीच चर्चाको विषयका रूपमा रहेको छ। सो कार्यक्रमको शैक्षिक र प्राज्ञिक नेतृत्व जापानको नागासाकी विश्वविद्यालयबाट विद्यावारिधि गरेर नेपालमा फर्किएका प्रा.डा. खड्ग केसीबाट भएको थियो, जो हालै त्रिविका उपकूलपतिबाट विश्वविद्यालयको रेक्टर पदका लागि शिफारिस भएका छन्।

रजिस्ट्रारका रूपमा सिफारिस भएका प्रा.डा. केदारप्रसाद रिजालको गुगल स्कलर पछ्याउँदा उनी पनि काबिल अनुसन्धानकर्ता भएको भेटिन्छ। त्रिभुवन विश्वविद्यालयका उपकुलपतिले सफल र काविल शैक्षिक व्यक्तित्वहरूसमेतको टिम निर्माण गरेर देशमा व्याप्त शैक्षिक निराशालाई चिर्ने र राजनीतिक हस्तक्षेपमुक्त प्राज्ञिक वातावरण निर्माणको प्रयत्न गरेको देखिन्छ । यो सराहनीय छ । राजनीतिक नेतृत्वको सुझबुझपूर्ण अहस्तक्षेप आमनागरिक र सरोकारवालाहरूको अपेक्षा हो।

त्रिविमा रेक्टर र रजिस्ट्रारको नियुक्तिमा पनि विगतको निरन्तरतामा क्रमभंगताको टड्कारो आवश्यकता छ । यसका लागि प्रधानमन्त्री एवं कुलपति दाहाल र आमसञ्चारमाध्यममा निकै लोकप्रिय मानिएकी र धेरैले आशासमेत गरेकी शिक्षामन्त्री एवं सहकुलपति सुमना श्रेष्ठले दबाबहरूलाई विश्वासमा लिनुपर्दछ । अन्यथा निरन्तरतामा निरन्तरित हुने हो भने विश्वविद्यालय सुधारको प्रतिबद्धता र रूपान्तरण अलपत्र पर्ने देखिन्छ । मेरिटोक्रेसीमा आधारित भई त्रिवि र समग्र विश्वविद्यालयहरूको सुधार गर्ने र विश्वविद्यालयको नेतृत्वलाई कुनै हस्तक्षेप नगर्ने प्रधानमन्त्री दाहालको घोषित प्रतिबद्धता पछ्याएर उपकुलपति प्रा.डा. बरालले सिफारिस गरेका व्यक्तित्वहरूलाई विश्वविद्यालयको रेक्टर र रजिस्ट्रार पदमा नियुक्ति गर्नु तत्कालको सबैभन्दा उत्तम विकल्प हो।

जादूको छडीका रूपमा काम भइहाल्छ भन्ने होइन तर पनि यो नै सही गन्तव्यतर्फको प्रारम्भ हुनसक्छ। यसमा सबै सत्ता साझेदार राजनीतिक पार्टीहरूको ऐक्यबद्धता आवश्यक छ । प्राध्यापक कर्मचारीहरूका पेसागत संघ संगठनहरूको र सकारात्मक भूमिका र परिणामका लागि समर्पित वास्तविक विद्यार्थीहरूको पनि हातेमालो आवश्यक छ । राजनीति सबै नीतिहरूको जननी हो । सपारेको यश र अपजश मूलतः राजनीतिले नै लिन पाउनुपर्छ र लिनुपर्छ । पछिल्लो समयमा हामी नेपालीलाई र समग्र नेपालको संस्थागत विकासलाई राजनीतिले साह्रै नराम्रोसँग बिगारेको छ भन्ने आमभनाइ छ। यो भनाइ अतिशयोक्तिपूर्ण हो जस्तो लाग्दैन । हामीले हासिल गरेका अनुभवले पनि यस भनाइलाई सहयोग नै गरेको अनुभूति छ। नेपालमा मेरिटोक्रेसीलाई स्थान दिनैपर्ने वस्तुगत आवश्यकता छ।

मेरिटोक्रेसीलाई अपनाउने र प्रश्रय दिने प्रतिबद्धता गरेर आफ्नाहरूलाई उच्च राजनीतिक नेतृत्वले सधैं संरक्षणमात्रै गर्दैन भनी आफूलाई प्रमाणित गर्न सकेमामात्र विरासतमा रहेका राजनीतिक नेतृत्वप्रति जनताको भरोसा क्षयीकरण हुनबाट रोकिन्छ र केही गुमेको भरोसा पुनर्जागरण हुन सक्दछ। *रासस*

*(लेखक त्रिविविका उपप्राध्यापक हुन्)*

## मननयोग्य

### चाणक्य नीति

नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउझेजस्तै (जागेजस्तै) दोगिन । नन्दले असफल भरिएका थैली नर्तकीतिर क्योंक । यसका सँगसँगै त्यस दरबारमा बसेका सबैले रूपैयाँका भेटी चढाए रूपैया नै रूपैयाको बिस्कुन त्यो ठाउँ देखियो ।

यी सब देखी चाणक्यको को उनको मुखमा प्रकट भइरहेथ्यो॥ सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाई गरेका भए त्यो आँधी रोक्न सक्ने क्षमता थियो र नन्दमा ? राम्रो नै भयो सिकन्दर लडाई नै नगरी फर्केर गयो तर फेरि पनि त सिकन्दर फर्केर आउन सक्छ। किन कि, आम्भी र पुरु सिकन्दरका अधि नमा गई नै सके।

अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजर्षि पहिरनले गर्वित हिँडाइ। सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ। नन्दको प्रवेशमा सबै दरबारिया उभिए। सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो ।

उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिइ अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनसाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चद्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आाखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छन्। उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए । चिल्लो भुइँमा ती सुन्दरी माछा जस्तै उफ्रीकी नाचिरहेकी छन्। उनको शरीरमा छैन भन्ने भान परेको छ। धेरै नाचिक थाकेकी ती सुन्दरीले राजालाई ढोगिन्।

क्रमशः

## पत्र-मञ्जुषा

# सरकारमाथि श्रममन्त्रीकै अविश्वास !

वर्तमान श्रममन्त्री डिपी अर्यालले हालै मात्र राजधानीमा भएको एउटा कार्यक्रममा आफ्नो सहकारीमा डुबेको पैसा उठाइदिनेलाई एक-दुई लाख रूपैयाँ उपहार दिने बताए । उनले भने, 'मेरो सहकारीमा २३ लाख डुबेको छ । उठाइदिने सांसद र लेख्ने मिडियालाई एक-दुई लाख रूपैयाँ दिन्छु ।'

मन्त्री भनेको सरकार हो । समग्र जनताको अभिभावक हुन्, मन्त्री । ऐन कानुन बनाउने र कार्यान्वयन गर्ने जिम्मेवारी मन्त्रीलाई हुन्छ । हाल देशको गृहमन्त्री रवि लामिछाने अर्यालकै पार्टी 'राष्ट्रिय स्वतन्त्र पार्टी' का सभापति हुन् । आफ्नै पार्टीको गृहमन्त्री हुँदासमेत उनलाई आफ्नो पैसा उठ्नेमा निर्धक्क रहेनछ भन्ने यहाँबाट पुष्टि हुन्छ।

देशमा कानुन छ । गलत गर्नेलाई कारबाही गर्न यहाँ थुप्रै निकाय छन्। उनी आफैं मुलुकको संविधानअनुसार बनेको मन्त्री । मन्त्रीले नै आफ्नो पैसा उठाउन उपहार दिने घोषणा गरेपछि जनताचाहिँ न्यायका लागि कहाँ जाने ? यदि, सहकारीले साँच्चै नै उनको पैसा खाइदिएको हो भने उनी कानुनअनुसार अघि बढ्नुपर्ने हो।

अदालत, गृह मन्त्रालय, प्रहरी प्रशासन, भूमि, व्यवस्था तथा सहकारी मन्त्रालय, सहकारी विभागलगायत थुप्रै निकाय गुनासो सुन्न र समाधान गर्न बसेका छन्। यस्तोमा मन्त्रीले पैसा उठाइदिनेलाई केही आर्थिक दिन्छु भन्ने कानुन र राज्यका निकायलाई चुनौती दिनु होइन ?

मन्त्रीको भनाइले त उनलाई नै देशको कानुनमाथि विश्वास रहेनछ भन्ने त यहाँबाट स्पष्ट हुन्छ । उनले आजसम्म आफू पीडित भएको भनी कुन निकायमा उजुरी दिए ? एउटा सार्वजनिक कार्यक्रममा यस्तो गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिन मन्त्रीलाई सुहाउँछ ? पछिल्लो समय मुलुकभरका सहकारीमा संकट देखिएको छ।

सहकारीका कारण करोडौं बचतकर्ताको बिल्लीबाठ भएको छ। उनीहरू त कानुनी माध्यमबाट अगाडि बढेका छन् । स्थानीय तह, प्रहरी प्रशासन, सहकारी विभागमा उजुरी दिएका छन् । जनताचाहिँ कानुनी माध्यमबाट जाने, अनि मन्त्रीचाहिँ मेरो पैसा उठाइदिनेलाई उपहार दिन्छु भन्ने ? यसले त कानुन लाग्ने र मान्ने जनतामात्रै रहेछन् भन्ने प्रमाणित भएको छ । बहालवाला मन्त्रीलाई त सहकारीमा डुबेको पैसा उठ्दैन र सहकारी सञ्चालकलाई कारबाही हुँदैन भन्ने विश्वास रहेछ भने करोडौं बचतकर्ताले कुन आधारमा सरकारलाई विश्वास गर्ने ? श्रममन्त्री सरकार बोल्या हो, व्यक्ति होइन।

मन्त्री त सरकारको कामप्रति निर्धक्क छैनन् भने जनता कसरी ढुक्क हुने ? उनको भनाइले त सरकारले बचतकर्तालाई अल्मलाउने काम मात्रै गरेको छ भन्ने देखिन्छ । सरकारले सहकारी सञ्चालकलाई कारबाही गर्न सक्दैन र बचतकर्ताको पैसा पनि फिर्ता भन्ने कुरा उनको भनाइले घामजस्तै छर्लंग पारेको छ।

रास्वपाका धेरै पदाधिकारीको नाम अहिले सहकारीकाण्डमा जोडिएको छ । यता, गृहमन्त्री लामिछानेको पार्टनर भनिएका जिबी राई पनि लामो समयदेखि फरार छन् । लामिछाने आएपछि उनी पक्राउ पर्छन् भनी धेरै आशा गरिएको थियो। तर, बचतकर्ताको आशा निराशामा परिणत भएको छ। अहिले त सहकारी सञ्चालकहरूलाई पक्राउ गर्नै छाडिएको छ। एकपछि अर्को गर्दै सहकारी सञ्चालक फरार भइरहेका छन् तर सरकारलाई मतलब छैन। श्रममन्त्री अर्यालको भनाइ र गृहमन्त्री लामिछानेको गराई ठ्याक्कै मिलेको छ। बचतकर्ताको विल्लीबाठ बनाएर भाग्ने सहकारी सञ्चालकलाई त धमाधम कारबाही गर्नु भनेर गृहमन्त्रीले प्रहरी प्रशासनलाई निर्देशन दिनुपर्ने थियो।

तर, यो विषय अहिले सामसुम पार्न खोजिएको छ। सहकारी बचतकर्ताले आफ्नो बचतका लागि कतिसम्म सास्ती खेपे ? सरकारले नजरअन्दाज गरेको होला, तर समग्र जनताले देखेका छन् । घामपानी, रातदिन नभनिकन उनीहरू ६२ दिन माइतीघरको चिसो भुँइमा अनशन बसे।

सरकारले उनीहरूको आन्दोलन तुहाउनका लागि हतारोमा सात बुँदे सहमति गऱ्यो । त्यो कार्यान्वयन नभएपछि सहकारीपीडितहरू पुनः सडकमा आए। फेरि हतारोमा सम्झौता गरियो । तर, त्यो सम्झौता त बचतकर्तालाई अल्मलाउने एउटा कागजको टुक्रो हो भन्ने पोल मन्त्रीले खोलिदिएका छन्। सहकारीमन्त्री बलराम अधिकारी र सहभारी विभागका महानिर्देशक पिताम्बर घिमिरेले बचतकर्तामा भ्रम छर्ने काम मात्र गरिरहेका छन् । पैसा आउँछ, निर्धक्क बस्नुस् भन्ने अनि सहमति गरिरहने। बचतकर्ताले आन्दोलन गऱ्यो कि मन्त्रालयमा बोलाउने, वार्ता गर्ने, कामचाहिँ केही नगर्ने ?

प्रधानमन्त्री पुष्पकमल दाहालले म सहकारी सञ्चालकलाई कारबाही गर्छु,, बचतकर्ताको पैसा फिर्ता गराउँछु भनेर अब नबोलेकै बेस होला । किनकि अब जनताले पत्याउँदैनन्। दुई वर्षदेखि बचतकर्ता सरकारको काम हेरिरहेका छन् । सरकारले बचतकर्तालाई अल्मलाउने र सहकारी सञ्चालकलाई भगाउने काममात्रै गऱ्यो।

गृहमन्त्री आफैंलाई सहकारी ठगीको आरोप लागेको छ, उनले त गर्लान् ? प्रधानमन्त्रीले गृहमन्त्रीले काम गर्छन् भनेर विश्वास नगरे पनि हुन्छ । प्रधानमन्त्रीले पनि टुलुटुलु रमिता हेर्ने होइन। पैसा नदिनेलाई समस्याग्रस्त घोषणा गर्ने र सहकारी सञ्चालकलाई कारबाही गर्न सिआइबीलाई पत्राचार गर्ने काम सरकारबाट भयो भने बचतकर्तामा अलिकति भए पनि आशा पलाउँछ। बचतकर्तालाई अहिले 'न समाउने हाँगा न टेक्ने खुड्किलो' भएको छ।

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
# Samriddhi Finance Company Limited

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
रजिष्टर्ड केन्द्रिय कार्यालय: हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

## Annual Financial Statements F/Y 2079/080

### As per Clause 4(1) (Gha) of NRB Directives 2080

### Statement Of Financial Position
As on Ashad end 2080

| | | | |
|---|---|---|---|
| **Assets** | | | |
| Cash and cash equivalent | 4.1 | 409,276,934 | 518,124,082 |
| Due from Nepal Rastra Bank | 4.2 | 126,039,696 | 93,500,876 |
| Placement with Bank and Financial Institutions | 4.3 | - | - |
| Derivative financial instruments | 4.4 | - | - |
| Other trading assets | 4.5 | - | - |
| Loans and advances to B/FIs | 4.6 | 15,554,506 | 19,896,314 |
| Loans and advances to customers | 4.7 | 1,513,181,054 | 1,564,755,929 |
| Investment securities | 4.8 | 315,737,612 | 316,106,062 |
| Current tax assets | 4.9 | 5,676,865 | 5,428,552 |
| Investment in subsidiaries | 4.10 | - | - |
| Investment in associates | 4.11 | - | - |
| Investment property | 4.12 | 113,576,768 | 49,633,027 |
| Property Plant and Equipment | 4.13 | 141,749,889 | 63,122,583 |
| Goodwill and Intangible assets | 4.14 | 2,717,783 | 2,550,553 |
| Deferred tax assets | 4.15 | 25,767,797 | 20,003,615 |
| Other assets | 4.16 | 35,827,406 | 18,313,629 |
| **Total Assets** | | **2,705,106,312** | **2,671,435,223** |
| **Liabilities** | | | |
| Due to Bank and Financial Institutions | 4.17 | 354,755,041 | 481,481,127 |
| Due to Nepal Rastra Bank | 4.18 | - | 90,000,000 |
